# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, माघ २६ गते २०५२ साल (अतिरिक्ताङ्क ४४ (क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवा भारतका प्रधानमन्त्री श्री पी. भी. नरसिंह रावको मैत्रीपूर्ण निमन्त्रणामा २०५२ साल माघ २८ गते मित्रराष्ट्र भारतको औपचारिक भ्रमणमा जानुहुने भएकोले उहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने कार्यहरूका साथै उहाँले सम्हाली आउनु भएको राजदरबार सम्बन्धी र रक्षा मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय श्रम मन्त्री श्री बलबहादुर राईले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय जलस्रोत मन्त्री श्री पशुपति शम्शेर ज.ब.रा., माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री चक्रप्रसाद बास्तोला, माननीय अर्थ मन्त्री डा. रामशरण महत, माननीय परराष्ट्र मन्त्री डा. प्रकाशचन्द्र लोहनी र माननीय वाणिज्य मन्त्री श्री फत्तेहसिंह थारू, सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाको मित्रराष्ट्र भारतको औपचारिक भ्रमणका क्रममा भ्रमण दलमा सम्मिलित भई २०५२ साल माघ २८ गते

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यसतर्फ जानुहुने भएकोले उहाँहरूको अनुपस्थितिमा उहाँहरूले सम्हाली आउनु भएको मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा देहाय बमोजिम माननीय मन्त्रीहरूले सम्हाल्नु हुनेछ ।

| | |
|---|---|
| १. जलस्रोत मन्त्रालयको कार्यभार | – माननीय स्थानीय विकास मन्त्री श्री कमल थापा । |
| २. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार | – माननीय शिक्षा मन्त्री श्री गोविन्दराज जोशी । |
| ३. अर्थ मन्त्रालयको कार्यभार | – माननीय उद्योग मन्त्री श्री ढुण्डिराज शास्त्री । |
| ४. परराष्ट्र मन्त्रालयको कार्यभार | – माननीय आवास तथा भौतिक योजना मन्त्री श्री बालाराम घर्तिमगर । |
| ५. वाणिज्य मन्त्रालयको कार्यभार | – माननीय भूमिसुधार तथा व्यवस्था मन्त्री श्री बुद्धिमान तामाङ । |

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

६११६